# मुख्यमन्त्री किसान उत्थान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

**प्रस्तावना:** मधेश प्रदेशमा मुख्यबाली लगाउने समयमा आधारभूत कृषि उत्पादन सामाग्री (बीउबिजन, मलखाद, सिचाँई, विषादि तथा अन्य उत्पादन सामाग्री) को व्यवस्थापन गर्न आवश्यक रकमको अभावमा कृषि कार्य गर्न समस्यामा परि खाद्य सुरक्षा र जिवीकोपार्जनको दृष्टिले उच्च जोखिममा रहेका भूमिहीन, गरीब/विपन्न, तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला, मधेश आन्दोलनका शहिद र घाइते परिवारको आय आर्जन तथा जिवीकोपार्जनमा टेवा पुर्याउन न्यूनतम आवश्यक रकम अनुदान स्वरुप उपलब्ध गराई त्यस्ता सीमान्तकृत तथा न्यून आर्थिक अवस्था भएका किसान र कृषि मजदुर वर्गको खाद्य सुरक्षा तथा गरिबी निवारणमा सहयोग पुर्याउन वान्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०७८ को दफा ९(१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि मधेश प्रदेश सरकार मन्त्रिपरिषद् बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "कृषि बाली तथा वस्तु" भन्नाले यस कार्यक्रमको प्रयोजनको लागि मधेश प्रदेशमा उत्पादन हुने कृषि बाली, पशुपंक्षी, मत्स्य तथा मौरीपालन समेतलाई जनाउनेछ।

(ख) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

(ग) "बैंक" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गका बैंक सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकार, "भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय" सम्झनु पर्दछ।

(ङ) "मुख्यमन्त्री कार्यालय" भन्नाले मधेश प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनु पर्दछ।

(च) "विज्ञ केन्द्र" भन्नाले मन्त्रालय अन्तर्गतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु सम्झनु पर्छ ।

(छ) "साना किसान" भन्नाले आफ्नो वा एकाघर परिवार सदस्यको नाममा जम्मा दशकठ्ठा वा सो भन्दा कम जग्गाको स्वामित्व भई वा कुनै जग्गा नभई अरुको जग्गा भाडा,ठेक्कामा लिई आफैले जोतभोग गरी सोहीबाट भएको उत्पादन वा आम्दानीबाटै जीविकोपार्जन गर्ने कृषक र कृषि मजदुर समेतलाई सम्झनु पर्दछ।

(ज) "समिति" भन्नाले दफा ८ बमोजिमको मूल्यांकन समिति सम्झनु पर्छ।

(झ) "ज्ञान केन्द्र" भन्नाले मन्त्रालय अन्तर्गतका कृषि ज्ञान केन्द्रहरु सम्झनुपर्छ ।

(ञ) "स्थानीय तह" भन्नाले मधेश प्रदेशमा रहेका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाहरुलाई सम्झनु पर्छ ।



नम्रता सिंह

नम्रता सिंह

३. कार्यक्रमको कार्यक्षेत्रः(१) यो कार्यक्रम मधेश प्रदेशको आठवटै जिल्लाका एक एक स्थानीय तहमा परीक्षण कार्यक्रम (Pilot Programme) को रुपमा संचालन गरिनेछ।

४. लक्षित वर्ग छनौटको मापदण्डः(१) मधेश प्रदेश अन्तर्गतका स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आवेदक साना किसान हुनुपर्ने ।

(३) यस कार्यक्रममा लाभग्राहीको छनौट गर्दा समान प्रकृतिको कार्यक्रमको दोहोरोपना नहुने गरी आर्थिक अवस्था कमजोर रहेका विपन्न किसानलाई प्राथमिकता दिइनेछ।

(४) उपदफा (३) बमोजिमको प्राथमिकताक्रम अनुसारका संभाव्य लाभग्राही साना किसानको वाहुल्यताका आधारमा देहायको समितिले गरेको सिफारिशको आधारमा मन्त्रालयले कार्यक्रम संचालन गरिने स्थानीय तहको छनौट गर्नेछ।

<u>देहायः</u>

प्रमुख, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति-----------------------------------संयोजक

प्रमुख, सम्बन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र----------------------सदस्य

प्रमुख, सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र -------------------------------------------सदस्य-सचिव

(५) अनुदानको दोहोरोपना नियन्त्रणको लागि समय सापेक्ष प्राविधिक तथा प्रणालीगत कार्य प्रक्रियामा सुधार वा परिमार्जन गर्दै जानुपर्नेछ।

(६) यस कार्यक्रमको लाभग्राही किसानले कार्यक्रमबाट प्राप्त सहयोग रकमको प्रयोग कृषि उत्पादनका अत्यावश्यक सामग्री खरिदमा गर्नु पर्नेछ।

(७) कार्यक्रमको लाभग्राही छनौट गर्दा उपलब्ध बजेटको आधारमा भूमिहीन, न्यून जमिन भएका तथा परिवारको सदस्य संख्या बढी भएका साना किसानलाई छनौट गरीनेछ। त्यसरी छनौट गर्दा समेत विनियोजित बजेटको तुलनामा निर्धारित योग्यता पुगेका आवेदकहरुको संख्या बढी भएको अवस्थामा उपदफा ३ अन्तर्गतको प्राथमिकताक्रम बमोजिमको मापदण्डमा पर्ने आवेदकहरुलाई प्राथमिकता दिई छनौट गरीनेछ।

५. कार्यक्रमबाट प्रदान गरीने सहयोग रकम र सिमाः दफा ४ बमोजिम छनौट भएका लाभग्राहीलाई वर्षको एक पटक निजको बैंक खातामा सोझै जम्मा हुनेगरी अनुदान बापत एकमुष्ट रु. १०,०००।- (अक्षरुपी दशहजार रुपैयाँ) मात्र मधेश प्रदेश सरकारले उपलब्ध गराउनेछ।

६. सूचना प्रकाशनः (१) मन्त्रालयले लाभग्राही किसान छनौटका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा ३० दिनको म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ । यस किसिमको सूचना प्रदेशका अन्य आमसंचारका माध्यमहरुबाट समेत व्यापक रुपमा प्रचार प्रसार गरी सबै सम्भावित लाभग्राहीले जानकारी पाउने वातावरण निर्माण गर्नुपर्नेछ।मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरु र स्थानीय तहका वेबसाइटमा समेत उक्त सूचना प्रकाशन गर्न सकिनेछ।

७. आवेदन पेश गर्नुपर्नेः (१) कार्यक्रम लागू भएका स्थानीय तहको क्षेत्रमा बसोबास गर्ने नेपाली नागरीकता भएका साना किसानहरुले अनुसूची-२ बमोजिमको ढाँचामा आवश्यक कागजात तथा विवरण सहित सम्बन्धित स्थानीय तह मार्फत् वा सोझै जिल्लास्तरमा तोकिएको कार्यालयमा आवेदन पेश गर्न सक्नेछन्।

(२) आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः यस कार्यक्रममा सहभागी हुने इच्छुक आवेदकले पेश गर्ने आवेदनका साथ देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ।

(क) घरमुलिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

(ख) निवेदकको एकाघर परिवारको सदस्यहरुको नाममा भएको सम्पूर्ण जग्गा जमीनको जग्गाधनि प्रमाणपत्र (लालपूर्जा) को प्रतिलिपी वा जग्गा ठेक्का/भाडामा लिएको भए जग्गा धनीसँगको सम्झौतापत्रको प्रतिलिपी।

(ग) सम्बन्धित स्थानीय तहबाट आवेदकको सम्बन्धित स्थानमा स्थायी बसोबास रहेको तथा जीविकोपार्जनको आधार कृषि रहेको व्यहोरा खुलाउने सिफारिस।

(घ) आवेदकको "क" वर्गको बैंकमा रहेको बैंक खाताको खाता नं. स्पष्ट बुझिने चेकको प्रतिलिपी ।

८. मूल्याङ्कन समिति :(१) लाभग्राही छनौटका लागि देहाय बमोजिम एक मूल्याङ्कन समिति रहनेछः

(क) प्रमुख, कृषि ज्ञान केन्द्र------------------------------------------------------संयोजक

(ख) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ----------------------------सदस्य

(ग) सम्बन्धित स्थानीय तहको कृषि शाखा प्रमुख ------------------------------------सदस्य

(ग) प्रमुख/प्रतिनिधी, सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालय---------------------सदस्य

(ङ) संयोजकले तोकेको प्राविधिक अधिकृत-------------------------------------------सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै पदाधिकारी, कर्मचारी वा अन्य विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले निम्न प्रक्रिया अवलम्वन गरी लाभग्राही छनौट गर्नेछ ।

(क) आवेदन र सो साथ संलग्न कागजातको आधिकारिकता र पूर्णता जाँच गरी रीत पुगेका आवेदनहरुको विस्तृत सूची तयार गर्ने।

(ख) विस्तृत सूचीमा रहेका आवेदनहरुको मुल्याङ्कन गरी लाभग्राही छनौटको संक्षिप्त सूची तयार गरी सो उपर सम्बन्धित सरोकारवालाबाट दावी विरोधका लागि सात दिनको म्याद दिई कार्यालय र सम्बन्धित स्थानीय तहको सूचना पाटीमा टाँस गर्नुका साथै कार्यालय, सम्बन्धित स्थानीय तह र मन्त्रालयको वेबसाइट मार्फत् समेत सार्वजनिक सूचना प्रकाशित गर्ने ।

(ग) खण्ड(ख) बमोजिम प्रकाशित संक्षिप्त सूचीको सूचना उपर ७ (सात) दिनभित्र प्राप्त दावी विरोध सम्वन्धी उजुरीको सम्वन्धमा कार्यालयले अर्को सात दिन भित्र छानविन गरी आठौं दिनमा छानिएका लाभग्राही अन्तिम सूची कार्यालय र सम्बन्धित स्थानीय तहको सूचना पाटीमा टाँस गर्नुका साथै कार्यालय, सम्बन्धित स्थानीय तह र मन्त्रालयको वेबसाइट मार्फत् समेत प्रकाशित गर्नुपर्नेछ ।

९. स्थानीय तहको जिम्मेवारीः (१)यस कार्यक्रमलाई लक्षित वर्गसम्म पुर्याउन प्रचार प्रसार गर्ने।

नम्रता सिंह
डा. नम्रता सिंह
सचिव

(२) लक्षित वर्गलाई आवेदन गर्न प्रोत्साहन र सहजीकरण गर्ने, पेश भएका निवेदन संकलन गर्ने तथा संकलित निवेदनहरु र सो साथ संलग्न कागजातहरु छिटो माध्यमबाट तोकिएको कार्यालयमा पुर्याउन तथा दर्ता गराउन आवश्यक सहयोग गर्ने।।

(३) यस कार्यक्रमका लागि योग्यता पुगेका आवेदक कृषकलाई निःशुल्क सिफारीश लगायतका आवश्यक कार्य गर्ने।

(४) बिमा कम्पनी तथा बिमा समितिसँग आपसी समन्वय गरी स्थानीय तहका लाभग्राही कृषकको बाली, वस्तु सुरक्षण सुनिश्चितताको लागि बिमा गराउने कार्यमा आवश्यक सहजिकरण तथा सहयोग गर्ने।

(५) कार्यक्रम अनुसार किसानले गरेको कृषि बाली, वस्तु उत्पादन कार्यको अनुगमन गरी सो सम्बन्धमा जिल्लास्थित कार्यालयलाई पृष्ठपोषण र सुझाव दिने ।

१०. **कार्यक्रमको अनुगमन सम्बन्धी व्यवस्था :** (१) यस कार्यक्रमको प्रत्यक्ष अनुगमनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । स्थानीय तहबाट कार्यक्रमको अनुगमनको लागि देहाय बमोजिमको समिति रहनेछ।

(क) स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष- संयोजक

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

(ग) स्थानी तहको कृषि/पशुसेवा शाखाको प्रमुख- सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आवेदक व्यक्ति यस कार्यविधि बमोजिम आवेदन गर्न योग्य साना किसान भए, नभएको यकिन गर्ने तथा आवश्यक शिफारिस र सहजिकरण गर्ने ।

(ख) कार्यक्रममा छानिएका लाभग्राहीले प्राप्त अनुदानको सदुपयोग गरे, नगरेको अनुगमन गरी सम्बन्धित कृषि ज्ञान केन्द्र मार्फत् मन्त्रालयलाई आवश्यक पृष्ठपोषण तथा सुझाव दिने ।

(३) जिल्लाका स्थानीय तहमा रहेका लाभग्राहीले प्राप्त गरेको अनुदान रकमको उपयोग के कसरी गरेका छन् र यसबाट कार्यक्रमको उद्देश्य पुरा भए, नभएको बारे वा केही सुधारको आवश्यकता बारे पृष्ठपोषण गर्नको लागि मन्त्रालयको योजना तथा अनुगमन महाशाखाले कार्यक्रमको अनुगमन गर्नेछ। साथै कार्यक्रमको समग्र अनुगमन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्लयले गर्नेछ ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले अनुगमन गर्दा सो कार्यमा सहयोग गर्नु तथा अनुगमनका क्रममा दिईएका सुझावहरुको परिपालना गर्नु समेत सम्बन्धित लाभग्राही कृषकको कर्तव्य हुनेछ।

(५) उपदफा (२)बमोजिमको स्थानीय तहको अनुगमन वा मन्त्रालयद्वारा गरीने अनुगमन सम्बन्धी विवरण र प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

११. यस कार्यविधिमा रहेका अनुसूचीहरु मन्त्रालयले आवश्यकतानुसार परिवर्तन गर्न सक्नेछ ।

१२. कार्यक्रमको सूचना प्रकाशन/ प्रशारण, बैठक संचालन, अनुगमन मूल्यांकन, प्रतिवेदन लगायतका कार्यमा संलग्न हुने निकायहरुमा त्यस्ता कार्यहरुको व्यवस्थापनका लागि आवश्यक पर्ने रकम यस कार्यक्रमका लागि विनियोजित बजेटबाटै छुट्याई खर्च गर्न सकिनेछ । त्यस्तो खर्चका लागि छुट्याइने कूल बजेट रकमको सीमा प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम हुनेछ ।

१३. यस कार्यक्रम अन्तर्गत कृषि कार्यका लागि प्रदान गरीने नगद अनुदान सहयोग रकम सामाजिक-आर्थिक रुपमा पिछडिएका भूमिहीन, विपन्न, दलित, एकल महिला लगायतका लक्षित वर्गका साना कृषक र कृषि मजदूरहरुको उत्थान र सामाजिक न्याय लक्षित भएको हुँदा कार्यक्रमका लाभग्राहीले त्यसरी प्राप्त गर्ने रकम खर्चको बील, भर्पाई पेश गर्न जरुरी हुनेछैन।

१४. निर्देशक समितिः (१)यस कार्यक्रम कार्यान्वयन सम्वन्धी नीतिगत निर्णय र निर्देशनका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ।

(क) सचिव, मन्त्रालय----------------------------------------------------संयोजक

(ख) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय ---------------------सदस्य

(ग) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय ------------------------सदस्य

(घ) निर्देशक, पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय, मधेश प्रदेश--------सदस्य

(ङ) प्रमुख, कृषि बिकास निर्देशनालय, मधेश प्रदेश-------------------------सदस्य

(च) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश-------------------सदस्य

(छ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा, मन्त्रालय----सदस्य-सचिव

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः यस कार्यविधिमा अन्यत्र उल्लेखित कार्य जिम्मेवारीका अतिरिक्त निर्देशक समितिले देहायका कार्यहरु सम्पादन गर्नेछः

(क) दफा ४ को उपदफा (४) बमोजिमको समितिबाट यो कार्यक्रम संचालनका लागि सिफारिश गरीएका स्थानीय तह छनौट सम्बन्धमा निर्णय गर्ने।

(ख) चालु आर्थिक वर्षको लागि उपलव्ध बजेटका आधारमा अनुदान प्राप्त गर्ने कृषकको संख्या एकिन गरी प्रति स्थानीय तहको लागि कोटा स्वीकृत गर्न मन्त्रालय समक्ष पेश गर्ने।

(ग) यस कार्यविधिबमोजिम अनुदान प्रदान गर्न प्रस्ताव आह्वान गर्ने।

(घ) अनुदान प्राप्त गर्ने कृषकहरुको अनुगमन तथा मूल्यांकन गर्ने आधार, सूचक र प्रतिवेदनको ढाँचामा आवश्यक परिमार्जन गर्ने तथा कार्यक्रमबाट प्राप्त प्रतिफलका आधारमा हासिल उपलब्धीको समिक्षा गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने।

(ङ) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आइपर्ने नीतिगत समस्या र बाधा अड्चनहरु फुकाउने।

(३) समितिले आवश्यकतानुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

डा. नम्रता सिंह
सचिव

मधेश प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम

प्रमुख सचिव

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

**मुख्यमन्त्री कृषक उत्थान कार्यक्रम अन्तर्गत साना किसानका लागि**

**आवेदन मागको सूचना**

(सूचना प्रकाशन मिति: २०७९। । )

यस मन्त्रालयको चालुआ.व.२०७८।२०७९को स्विकृत कार्यक्रम अनुसार मुख्यमन्त्री कृषक उत्थान कार्यक्रम सञ्चालन गरीएको व्यहोरा सहर्ष जानकारी गराउँदै यो कार्यक्रम लागु भएका तपसिलका स्थानीय तहहरुका कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समय भित्रदेहायका कागजातसहित सम्बन्धित स्थानीय तहको कृषि शाखा मार्फत् वा जिल्ला स्थित कृषि ज्ञान केन्द्रमा आवेदनदर्ता गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आवेदनवहरु छनौट प्रकृयामा समावेश हुन नसक्ने व्यहोरा समेतयसै सूचनाद्वारा जानकारी गराईन्छ।

कार्यक्रम लागु भएका स्थानीय तहहरु :

| जिल्ला | स्थानीय तह (गा.पा./ न.पा./उ.म.न.पा./म.न.पा) को नाम: |
|---|---|
| सप्तरी | |
| सिरहा | |
| धनुषा | |
| महोत्तरी | |
| सर्लाही | |
| रौतहट | |
| बारा | |
| पर्सा | |

पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

(क) अनुसूची २ बमोजिमको प्रस्ताव ।

(ख) परिवारको घरमुलिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।

(ग) निवेदकको एकाघर परिवारको सदस्यहरुको नाममा भएको सम्पूर्ण जग्गा जमीनको जग्गाधनि प्रमाणपत्र (लालपूर्जा) को प्रतिलिपी वा ठेक्का/भाडामा खेती गरेको भए जग्गा धनीसँगको सम्झौताको प्रतिलिपि।

(घ) आवेदकको मान्यता प्राप्त "क" वर्गको बैंकमा रहेको बैंक खाताको खाता नं.स्पष्ट बुझिने चेकको प्रतिलिपी ।

(२) तोकिएको आवेदन फारमको ढाँचा यस मन्त्रालयको वेबसाइट वा जिल्लास्थित कार्यालयबाट वा स्थानीय तहबाट प्राप्त गर्न सकिनेछ।

नम्रता सिंह

डा. नम्रता सिंह
सचिव

अनुसूची-

मधेश प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### मुख्यमन्त्री कृषक उत्थान कार्यक्रम अनुदान माग फारम

आ.व.२०७८/०७९

प्रमुख सचिव

मधेश प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

मन्त्रालयको सूचना अनुसार चालु आ.व. २०७८।२०७९ मा सञ्चालित उपरोक्त कार्यक्रममा म निवेदक सहभागी हुन ईच्छुक भएकोले देहायको विवरण सहित मेरो तथा परिवारका सदस्यहरुको नागरिकता तथा जग्गा धनी दर्ता प्रमाणपत्रका कागजातहरुको प्रतिलिपी लगायत सूचना बमोजिमको अन्य आवश्यक कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु। मेरो एकाघर परिवारको स्वामित्वमा/जग्गाधनीसँग भाडा/ठेक्काको सम्झौता गरी खेती गरेको जम्मा खेतियोग्य जग्गाको क्षेत्रफल दस (१०) कट्ठा भन्दा बढी छैन।

१.व्यक्तिगत विवरण

(क)आवेदकको नाम थर ....................सम्पर्क फोन/ मोबाइल नं........

(ख) उमेर:......वर्ष

(ग) लिङ्ग:

| | | |
|---|---|---|
| महिला...................... | पुरुष.................... | अन्य. |

(घ) स्थायी ठेगाना:

| जिल्ला | न.पा.।गा.पा. | वडा नं | टोल |
|---|---|---|---|
| | | | |

(ङ ) बाबुको नाम:....................

(च) नागरिकताको विवरण:............

| नागरिकता नं. | जारी भएको जिल्ला | जारी भएको मिति | कैफियत |
|---|---|---|---|
| | | | प्रतिलिपी संलग्न छ |

(छ) वैवाहिक स्थिति

| | | |
|---|---|---|
| अविवाहित | विवाहित | एकल |

(ज) परिवार सदस्य संख्या तथा सदस्यहरुको विवरण

| क्र.सं. | नाम,थर | उमेर(वर्ष) | पेशा | नाता | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नम्रता सिंह

डा. नम्रता सिंह
सचिव

(झ) जग्गाको विवरण

| क्र.सं. | जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | जग्गाधनीको नाम | गा.पा./न.पा./वडा नं. | कित्ता नं | क्षेत्रफल(बिग्हा-कठ्ठा-धुर | जग्गाको स्वामित्व(आफ्नो, भाडाको, ठेक्का) | संलग्न प्रमाण पत्र (लालपूर्जा/ सम्झौता |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

(ञ) अनुदान रकम बाट सञ्चालन गर्ने खेती बालीवस्तु तथा खर्च हुने विवरण:

| क्र.सं. | उत्पादन गर्ने बाली/वस्तु | उत्पादन सामाग्री (बीउ, भुरा, चल्ला, मलखाद, विषादी, सिंचाई)मा लाग्ने अनुमानित खर्च रकम (रु.) |
|---|---|---|
| | | |
| | | |
| | | |

शर्तहरु:

(२) अनुदान बापत प्राप्त हुने रकम मलखाद, सिंचाई तथा बिउ बिजन लगायतका उत्पादन सामग्रीमा मात्र प्रयोग गर्नेछु।

३. उपरोक्त लेखिएको ब्यहोरा ठिक साँचो छ। कुनै कुराको झुठो सूचना दिएको वा पछी पनि फरक कार्यमा रकम प्रयोग गरेको ठहरे प्रचलित कानून बमोजिम सहुँला/ बुझाउँला।

| | |
|---|---|
| आवेदकको हस्ताक्षर.........<br><br>मिति................. | माथी उल्लेख भएको व्यहोरा ब्यहोरा ठिक छ। साथै, निज निवेदकको एकाघर घर-परिवारमा जम्मा १०(दश) कठ्ठा भन्दा बढी खेतीपाती छैन र निजको घरपरिवारमा खेती बाहेक जिवीकोपार्जनको अन्य पेशा/रोजगारको साधन केही पनि नभएकोले मुख्यमन्त्री कृषक उत्पान कार्यक्रममा निजलाई समावेश गरीदिनु हुन सिफारीश साथ अनुरोध गर्दछु।<br><br>....................................गा.पा/न.पा.वडा नं :<br>वडा अध्यक्षको नाम:<br>सही :..........................<br>मिति:<br>कार्यालयको छाप : |

नम्रता सिंह
डा. नम्रता सिंह
सचिव

अनुसूची-९

# मुख्यमन्त्री कृषक उत्थान कार्यक्रम अनुगमन प्रतिवेदनको ढाँचा

मधेश प्रदेश सरकार, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम, देहायको स्थानीय तह(हरु)मा सञ्चालित मुख्यमन्त्री कृषक उत्थान कार्यक्रमको स्थलगत अनुगमन गर्दा तपसिल बमोजिमको अवस्था देखिएको व्यहोरा प्रतिवेदन गरीन्छ।

१. कार्यक्रम संचालन गरीएको स्थान:

| जिल्ला | न.पा.।गा.पा. | बडा नं | टोल |
|---|---|---|---|
| | | | |

२. कार्यक्रममा सहभागी लाभग्राही कृषकको विवरण:

| क.सं. | कृषकको नाम, ठेगाना, सम्पर्क नं. | उत्पादित बाली/वस्तु | अनुदान रकम खर्चको प्रयोजन (खुलाउने) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

३. कार्यक्रमको समस्या/कमजोरी र उपलब्धीबारे लाभग्राही कृषकको प्रतिकृया/सुझाव:

४. अनुदान रकमको सदुपयोग, कार्यक्रमको उपादेयता र निरन्तरता तथा विस्तार सम्बन्धमा सम्बन्धित स्थानीय तहको पदाधिकारी/कर्मचारीको प्रतिकृया/सुझाव:

५. अनुगमन/प्रतिवेदनकर्ता(हरु)को नाम: पद: कार्यालय:

दस्तखत: मिति:

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल
(योजना तथा अनुगमन महाशाखा)

फोन : ०४१-४२६१०५
फयाक्स: ०४१-४२६१११
Email: mlacprovince2@gmail.com
Planningmolmacp2@gmail.com


प.सं. :- ०७९।०८०
च.नं.- ३२९

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

२०७९/०६/१२

विषयः- "मुख्यमन्त्री किसान उत्थान आयोजना " कार्यक्रम संचालन सम्बन्धमा ।

श्री कृषि ज्ञान केन्द्रहरु
(सप्तरी, सिरहा, धनुषा, महोत्तरी, रौतहट, बारा, पर्सा)

उपरोक्त सम्बन्धमा प्रदेश सरकार, मन्त्रीपरिषदको प.स. २०७८/७९, च.न बै.शा./९१ र मिति २०७९/०२/०६ गतेको प्राप्त पत्रानुसार "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ " स्वीकृत भएको र सो कार्यविधिको दफा ३ को उपलफा (१) मा कार्यक्रमको कार्यक्षेत्र मधेश प्रदेशको आठवटै जिल्लाको एक एक स्थानिय तहमा परिक्षण कार्यक्रमको रुपमा संचालन गरिने प्रावधान रहेकोले हाल प्रत्येक जिल्लाको भूमिहिन, न्यून जमिन भएका तथा परिवारको सदस्य संख्या बढी भएका र साना किसानको बाहुल्यता भएको कूनै एक गाँउपालिकामा परिक्षण कार्यक्रमको रुपमा सोही कार्यविधिको दफा ४ को उपदफा ४ मा रहेको समितिले गरेको सिफारिशको आधारमा मान्त्रालयले कार्यक्रम संचालन हुने स्थानिय तह छनौट गर्ने प्रावधान रहेकोले सोही बमोजिम व्यवस्था मिलाई गाँउपालिका छनौटको लागी सिफारिश पठाईदिनहुन मिति २०७९/०६/१३ को निर्णयानुसार(मन्त्रीस्तरिय) अनुरोध छ। साथै "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ " यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

बोद्यार्थ:-
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज

(अविनाश कुमार झा)
कृ.प्र.अ
योजना तथा अनुगमन महाशाखा